कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
**सामाजिक विकास कार्यालय,दैलेख**

## आर्थिक प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८०/११/११गते)**

आर्थिक वर्ष २०८०/०८१को यस कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार अल्पकालिन आश्रयसहितको जिल्ला सेवा केन्द्र सञ्चालन व्यवस्थापन कार्यक्रम रहेकोले घरेलु तथा लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावित व्यक्तिहरुको संरक्षण र सुरक्षाका लागि पीडित तथा प्रभावितलाई तत्काल उद्धार,व्यवस्थापन,स्वास्थ्य उपचार,शारीरिक तथा मानसिक उपचार,मनोविमर्श सेवा,कानूनी उपचार लगायतका अल्पकालिन सेवा प्रदान गरी सामाजिक रुपमा पुनःस्थापना पारिवारिक पुनर्मिलन गराई सम्मानजनक रुपले बाँच्न पाउँने अधिकारको रक्षा गर्ने र हिंसा प्रभावित महिला तथा वालवालिकाहरुको संरक्षण तथा न्यायमा पहूँचका लागि कार्यक्रम गर्न ईच्छुक गैर सरकारी संघ/संस्थाहरुबाट समग्र कार्यक्रम योजना र बजेट सहितको प्रस्ताव पेश गर्नको लागि सामाजिक बिकास मन्त्रालयको बार्षिक कार्यक्रम दिग्दर्शन आ.ब २०८०।०८१ को क्रियाकलाप नं 2.7.25.194 बमोजिम सूचना प्रकाशन भएको छ । सुचना प्रकाशन भएको मितिले १५ दिन भित्रमा देहायका शर्त अनुसार यस कार्यालयमा सिलबन्दी आर्थिक प्रस्ताव पेश गर्नु हुन यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**शर्तहरुः**

१. संस्था दर्ता प्रमाणपत्र, संस्थाको विधान,आ.व. २०८०/०८१ का लागि संस्था नवीकरण, प्यान नं, संचालक समितिले प्रस्तावमा समावेश भएका कार्यक्रम संचालन गर्न अनुदान माग गरेको निर्णय प्रमाणित प्रतिलिपि, गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन तथा आ.व. २०७९/०८० को कर चुक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्ने ।
२. सेवा केन्द्र सन्चालन ब्यबस्थापन समितिको प्रस्ताव पेश गर्ने निर्णय संलग्न गर्नु पर्नेछ ।
३. संस्थाको कार्य प्रकृति खुल्ने र सेवाकेन्द्र संन्चालन मापदन्ड अनुसार संन्चालन भई रहेको भनि सम्बन्धित स्थानीय पालिकाको सिफारिश पत्र पेश गर्नु पर्ने छ ।
४. आश्रय सहितको जिल्ला सेवाकेन्द्र सञ्चालन व्यवस्थापन सम्बन्धी काम गरेको अनुभव भएको वा सेवाकेन्द्र संन्चालन मापदन्ड अनुसार सन्चालन भई रहेको हुनुपर्ने ।
५. प्रस्तावनामा सेवाकेन्द्र संन्चालन मापदन्ड भित्र रहि कार्यक्रम सन्चालनको लागि बढीमा रु. २,००,०००/-अक्षरुपी दुई लाख रुपयाँसम्मको स्पष्ट कार्यक्रम र कार्ययोजना सहित सिलबन्दी आर्थिक प्रस्ताव पेश गर्नु पर्ने छ साथै उक्त कार्यक्रम २०८१ आषाढ महिनासम्म सन्चालन गर्नु पर्नेछ ।
६. प्रस्तावमा पेश भएका कागजातका आधारमा स्वीकृत कार्यविधि सेवाकेन्द्र संन्चालन मापदन्ड अनुसार मूल्याङ्कन गरिनेछ ।
७. रीत नपुगी तथा म्याद नाघी पेश हुन आएका प्रस्तावना उपर कुनै कारवाही हुने छैन ।
८. अन्य आवश्यक जानकारीका लागि सामाजिक विकास कार्यालय, दैलेखमा सम्पर्कका लागि अनुरोध छ ।

सामाजिक विकास अधिकृत